लुङ्ग्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
(लुम्बिनी प्रदेश नेपाल)

Mbl no.:9857824566/9857877039
Email: lungrimun@gmail.com
website:www.lungrimun.gov.np
www.facebook.com/lungrimun

## वन उपभोक्ता समितिबाट प्रशतावना आह्वान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०७९/१२/०८

प्रस्तुत विषयमा यस लुङ्ग्री गाउँपालिकाको आ.व.०७९/०८० को स्वीकृत कार्यक्रमअनुसार वन तथा वातावरण संरक्षण अन्तर्गतको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक लुङ्ग्री गाउँपालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात मिति २०७९/१२/२२ सम्म यसैसाथ संलग्न अनुसूची अनुसारको ढाँचामा आवेदन यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. सम्बन्धित वन उपभोक्ता समितिको प्रशतावना पेश गर्ने सम्बन्धी निर्णय,

२. रीतपूर्वक भरिएको प्रश्तावनाको अनुसूची फारम,

३. वन उपभोक्ता समितिको कोष सञ्चालन गर्ने पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

**वन समितिलाई दिइने अधिकम रकम:** रु ४,००,०००।– (चार लाख मात्र)

**प्रशताव सम्बन्धी थप जानकारी:**

१. वन संरक्षणको लागि वृक्षारोपण, वन नर्सरीको स्थापना, वन विस्तार हुने, वन्यजन्तु संरक्षण, वनबाट आयआर्जन अभिवृद्धि हुने वा वन तथा जैविक विविधता संरक्षण हुने यस्तै अन्य कार्यक्रम समावेश गरी प्रशताव गरेको हुनुपर्नेछ।

२. प्रशताव वन उपभोक्ता समितिले एकल रुपमा वा दुई वा सो भन्दा वढी समितिले सामुहिक रुपमा पेश गर्न सकिनेछ। पेश भएका प्रशताबको मूल्याङ्कन गाउँपालिकाको निर्णयानुसार हुनेछ।

३. गाउँपालिकाले प्रदान गरिने रकम कार्य प्रगतिको आधारमा सम्झौताको अधिनमा रही समितिको वैंक खातामार्फत भुक्तानी गरिनेछ।

४. समितिले गरेको काम कारवाहीको गाउँपालिकाबाट अनुगमन हुनेछ। अनुगमन प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ।

२०७९।१२।८

(धर्मराज बुढा)

प्रमुख प्रशासकीय अधिकृत

धर्मराज बुढा
प्रमुख प्रशासकीय अधिकृत

# वन तथा वातावरण संरक्षण कार्यक्रमको लागि पेश गर्ने प्रश्तावनाको ढाँचा

वन उपभोक्ता समितिको नामः

ठेगानाः

वन उपभोक्ता समितिमा रहेका सदस्यको संख्याः

सामुदायिक वनको जम्मा क्षेत्रफलः

सामुदायिक वनको चालु आ.व को हालसम्मको आम्दानीः खर्चः

चालु आर्थिक वर्षमा वन उपभोक्ता समितिको बैठक बसेको संख्या र मितिः

वन समितिले हालसम्म वन संरक्षणमा गरेका केही उल्लेखनीय कार्यहरूः

गाउँपालिकाबाट विनियोजन हुने रकमबाट गर्ने कार्यक्रमको विवरण(कुन कुन कार्यमा खर्च गर्ने हो कार्ययोजना पेश गर्नुपर्ने)

प्रश्ताव पेश गर्ने अख्तियार प्राप्त पदाधीकारको

हस्ताक्षरः

नाम थरः